

## वातावरणीय गुणस्तर अनुगमन एवं अनुसन्धान

एन्फोले आफ्नै अत्याधुनिक वैज्ञानिक प्रयोगशाला र आफैले विकास गरेको फिल्ड टेस्ट किट मार्फत विभिन्न ठाउँको पानी, वायु, माटोको गुणस्तर जाँच गरी प्राप्त नतिजाहरूको आधारमा जनचेतना अभिवृद्धि गर्ने, गुणस्तर सुधारको लागि पैरवी गर्ने र निर्णयकर्ताहरूलाई सहयोग गर्ने काम गर्दै आइरहेको छ । यसै सन्दर्भमा हाल नियमित रूपमा निम्नानुसार अनुगमन भइरहेको छ :

- खानेपानी (धारा, इनार, ढुंगेधारा आदि) को गुणस्तर परिक्षण
- प्रत्येक महिना ७ ठाउँमा बागमतीको पानीको गुणस्तर परिक्षण
- भूमिगत पानीमा आर्सेनिकको मात्रा परिक्षण
- काठमाडौंको ६ ठाउँमा हरेक दिन वायुको गुणस्तर परिक्षण
- भविष्यमा खानेकुरामा विषादिको मात्रा परिक्षण गरिने ।

## सेवाहरू



- खानेपानी, जनस्वास्थ्य, फोहरपानी तथा फोहरमैला व्यवस्थापन, माटो, वायु र ध्वनी प्रदूषणका विषयमा प्रयोगशाला मार्फत परिक्षण, अनुसन्धान तथा परामर्श सेवा प्रदान गर्ने ।
- विभिन्न अध्ययन, अनुसन्धानबाट प्राप्त तथ्याङ्क तथा नतिजाहरूलाई सार्वजनिक सञ्चार एवं औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट प्रचारप्रसार गर्ने ।



- सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसंग मिलेर सामुदायिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सस्तो र सरल प्रविधिहरूबाट पानी र फोहरपानी प्रशोधन, फोहरमैला व्यवस्थापन तथा वायु प्रदूषण नियन्त्रण र रोकथाम गर्न उपयुक्त प्रविधिको विकास गरी प्रचारप्रसार गर्ने ।




- अनुसन्धानकर्ता, विद्यार्थी र सर्वसाधारणका लागि सहयोग पुऱ्याउन स्रोत केन्द्र मार्फत आवश्यक जानकारी एवं तालिम उपलब्ध गराउने ।


**वातावरण र जनस्वास्थ्य संस्था (एन्फो)**

**पो.व.नं.** ४१०२, नयाँ बानेश्वर, काठमाडौं ।
**फोन** ४४९३१८८, ४४६८६४१
**फ्याक्स** ४४९१३७६
**इमेल** enpho@mail.com.np
**वेबसाइट** www.enpho.org

**फिल्ड अफिस**
अलखिया रोड, वीरगञ्ज
**फोन** ०५१-५२२३७२

बुद्ध मार्ग, सिद्धिपुर, ललितपुर
**फोन** २२३०६७८


design&printproduction: wps, tel: 5550289

**दिगो विकासको लागि** वातावरण मैत्री जीवनयापन









ENPHO
Creating Eco Societies

# वातावरण र जनस्वास्थ्य संस्था



**वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) वि. स. २०४७ मा स्थापित एक अनुसन्धान तथा सेवामुलक गैरसरकारी संस्था हो । आजका धेरैजसो वातावरणीय समस्याहरूको समाधान सरल प्रविधि एवं व्यवहार मार्फत घरेलु वा समुदाय स्तरमै गर्न सकिन्छ भन्ने मान्यता अंगाल्दै एन्फोले वैज्ञानिक अनुसन्धान, उपयुक्त प्रविधिहरूको विकास एवं प्रवर्द्धन, वातावरणीय शिक्षा र पैरवी गर्ने काम गर्दै आइरहेको छ ।**

## कोसेढुङ्गा

- सन् १९९० बागमती नदि र खानेपानीको गुणस्तर अनुगमन ।
- सन् १९९२ नेपालमा पहिलो पटक काठमाडौं उपत्यकाको वायुको गुणस्तर अनुगमन ।
- सन् १९९४ खानेपानीलाई क्लोरिनयुक्त बनाउने 'पीयूष'को उत्पादन थालनी ।
- सन् १९९७ फोहर पानी प्रशोधनका लागि 'कृत्रिम सीमसार' प्रविधिको विकास ।
- सन् २००० 'सोडिस' प्रविधिबारे अनुसन्धान तथा प्रवर्द्धन ।
- सन् २००१ आर्सेनिक अनुसन्धान तथा समाधान कार्यक्रमको थालनी ।
- सन् २००२ 'इकोसान' प्रविधिको थालनी ।
- सन् २००३ विश्व बैंकद्वारा 'कञ्चन आर्सेनिक फिल्टर' पुरस्कृत ।
- सन् २००५ श्री ५ को सरकारद्वारा वातावरण पुरस्कार प्राप्त ।

## स्थानीय परिस्थिति सुहाउँदो वातावरण मैत्री प्रविधिको विकास एवं प्रवर्द्धन




### घरेलु स्तरमा खानेपानी शुद्धीकरण

नेपालमा वर्षेनी करिब ३० हजार बालबालिकाहरूको मृत्यु झाडापखालाबाट हुने गरेको छ । यसको एउटा प्रमुख कारण अशुद्ध पानी भएकोले एन्फोले घरमै खानेपानी शुद्धीकरण गर्न सरल, सस्तो र भरपर्दो निम्न उपायहरूको विकास एवं प्रवर्द्धन गर्दै आइरहेको छ ।

- **पीयूष** : खानेपानीलाई जीवाणुरहित पार्न क्लोरिनेसन एक सस्तो र भरपर्दो उपाय भएकोले एन्फोले सन् १९९४ देखि नै विश्व स्वास्थ्य संगठन (WHO) को निर्देशिका अनुरूप 'पीयूष' नामक ०.५ प्रतिशत क्लोरिन झोल उत्पादन गरी बजारमा ल्याएको छ । हाल एन्फोले वार्षिक एक लाख भन्दा बढी बोतल पीयूषको उत्पादन र वितरण गर्दै आएको छ ।
- **सोडिस** : सौर्य शक्तिबाट खानेपानी शुद्ध गर्ने 'सोडिस (Solar Water Disinfection)' प्रविधिलाई एन्फोले सन् २००० देखि अनुसन्धान गरी हाल श्री ५ को सरकार र विभिन्न गैरसरकारी संस्थाहरू मार्फत प्रवर्द्धन गर्दै आइरहेको छ।
- **कन्चन फिल्टर** : पानीमा भएको धमिलोपना, गन्ध, आइरन र ब्याक्टेरिया हटाउन एन्फोले 'कञ्चन फिल्टर' र पानीबाट आर्सेनिक हटाउन 'कञ्चन आर्सेनिक फिल्टर' को विकास एवं प्रवर्द्धन गर्दै आइरहेको छ।



### मल चर्पी

दिसा पिसाबलाई छुट्टाछट्टै सङ्कलन गरेर त्यसलाई प्राङ्गारिक मलको रूपमा प्रयोग गर्न एन्फोले 'इकोसान' अथवा 'मल चर्पी'को विकास एवं प्रवर्द्धन गर्दै आएको छ । एन्फोले विभिन्न ठाउँका स्थानीय बासिन्दासंगको सहकार्यमा १५० वटा भन्दा बढी मल चर्पीहरू बनाइ सकेको छ ।

### आकासे पानी सङ्कलन

आकासे पानी सङ्कलन गरी उपयोग गर्न सकिएमा पानीको अभावलाई धेरै हदसम्म कम गर्न सकिने भएकोले एन्फोले आकासे पानी सङ्कलन प्रविधिको प्रवर्द्धन गर्न यसको प्रचारप्रसार गर्ने, तालिम दिने, नमूना आयोजनाहरू सञ्चालन गर्ने र आवश्यक प्राविधिक सहयोग दिने गरेको छ ।

### फोहर पानी प्रशोधन र पुनः प्रयोग

फोहोर पानीले नदीनाला प्रदूषित गर्ने र विभिन्न रोगहरू निम्त्याउन सक्ने भएकोले एन्फोले फोहोर पानीलाई प्रशोधन गरी पुनः प्रयोग गर्न अत्यन्तै सरल, कम खर्चिलो र प्रभावकारी प्रविधि 'कृत्रिम सीमसार'को प्रवर्द्धन गर्दै आइरहेको छ। एन्फोले हालसम्म विभिन्न १४ स्थानहरूमा कृत्रिम सीमसारको निर्माण गरिसकेको छ । यसैगरी मध्यपुर थिमीमा नेपालमै पहिलो पटक समुदायमा आधारित फोहर पानी प्रशोधनशाला निर्माण गरी सञ्चालनमा ल्याएको छ ।



### फोहर पुनः प्रयोग

फोहर व्यवस्थापनको सबैभन्दा राम्रो उपाय यसको पुनः प्रयोग गर्नु नै भएकोले एन्फोले एरोबिक र गड्यौले प्रविधिहरू मार्फत फोहरलाई मल बनाउने कामको प्रवर्द्धन गरिरहेको छ ।

### एन्फोको लक्ष्य

**उपयुक्त प्रविधिहरूको विकास एवं प्रवर्द्धन गरी वातावरण मैत्री समाजको सिर्जना गर्ने ।**



## वातावरणीय शिक्षा र पैरवी

हरेक व्यक्तिमा वातावरण मैत्री बानी व्यवहारको विकास गर्न एन्फोले विभिन्न प्रकाशनहरू, सञ्चार माध्यम, अन्तरक्रिया र तालिम मार्फत विद्यार्थी र जनसमुदायमा वातावरण शिक्षा प्रदान गर्ने र उपयुक्त नीति, नियम र कार्यक्रमहरूको लागि पैरवी गर्ने काम गर्दछ ।